"प्रभावकारी जनसेवा र पेशागत अधिकार सुनिश्चितताको लागि नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन
सुशासन, समृद्धि र समाजवाद निर्माणको अभियानमा कर्मचारी परिचालन"
श्र.वि.द.नं. २२१/०६४/६५

# नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन
# National Civil Employee's Organization of Nepal

केन्द्रीय समिति, बबरमहल, काठमाडौं
फोन नं. ०१-५३३८५३२, Email: neon.nepal2080@gmail.com

प.सं: ०८१/८२
च नं. ८०८

मितिः २०८२/०१/२१

माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीज्यू,
अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौँ।

**विषय: मागपत्र सम्बन्धमा।**

प्रस्तुत विषयमा देशको शासन प्रणाली र दैनिक प्रशासन सहजरूपमा सञ्चालन गरी सार्वजनिक सेवाप्रवाहलाई व्यवस्थित गर्ने अभिप्रायले हरेक मुलुकमा निजामती सेवाको गठन गरिएको हुन्छ। नेपालको सन्दर्भमा नेपालको संविधानको धारा-२८५ मा देशको प्रशासन सञ्चालन गर्न सङ्घीय निजामती सेवा र आवश्यकता अनुसार अन्य सङ्घीय सरकारी सेवाहरूको गठन गर्नसक्ने प्रावधान रहेको छ। संविधानमा नै राज्यका नीतिहरू अन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागीतामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख छ।

साथै; निजामती सेवा ऐन र नियमावली, कर्मचारी समायोजन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, सुशासन ऐन लगायतका कानुनहरू निजामती सेवा सञ्चालनका आधार हुन। नेपालको निजामती सेवा र यसको सङ्गठनात्मक संरचना मूलतः यिनै संवैधानिक र कानुनी प्रावधानबाट निर्देशित रही आफ्नो कार्यसम्पादन गर्दै आएको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारको रूपमा ग्रामीण तहसम्म फैलिएको सङ्गठनात्मक संरचनामा क्रियाशील राष्ट्रसेवकहरूको साझा पहिचान आधारभूत सेवा सुविधा र सेवाका सर्तहरूमा एकरुपता कायम गरी एकीकृत ट्रेड युनियन अधिकार र अवरुद्ध वृत्तिविकासको ढोका खोल्दै लामो समयसम्म पदोन्नति हुन नसकेको, मासिक तलबमान, मासिक ग्रेड वृद्धि जस्ता सेवा सुविधाबाट वञ्चित हुन पुगेका आम कर्मचारीहरू विशेषगरी तल्लो तहका कर्मचारीहरू निरास बन्दै गइरहेको वर्तमान अवस्थालाई दृष्टिगत गर्दै मुख्य सचिवदेखि कार्यालय सहयोगीसम्मको तलबमानको तुलनात्मक अध्ययन गरी नयाँ तलबमान कायम गरियोस भनी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा सम्बोधन गर्न माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीज्यू समक्ष देहायका मागहरू प्रस्तुत गरेका छौं।

(अम्बादत्त भट्ट)
अध्यक्ष



CamScanner

"प्रभावकारी जनसेवा र पेशागत अधिकार सुनिश्चितताको लागि नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन
सुशासन, समृद्धि र समाजवाद निर्माणको अभियानमा कर्मचारी परिचालन"

प्र.वि.द.नं. २२१/०६४/६५

# नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन

**National Civil Employee's Organization of Nepal**

केन्द्रीय समिति, [illegible], काठमाडौं

फोन नं. ०१-५३३८५३२, Email: neon.nepal2080@gmail.com

प.सं:
च नं.

**आर्थिक वर्ष २०८२/ ०८३ को बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने मागहरू।**

१. नेपालको संविधान जारि भएसँगै सङ्घीय निजामती सेवा ऐन पनि जारी भई वृत्ति विकास एवं सेवा सुविधाको पुनरावलोकनसहित संङ्घीयता कार्यान्वयनमा खटाइनु पर्ने कर्मचारीहरू ऐनबिहिनता र कर्मचारी समायोजनमा देखापरेका समस्या लगायतका कारण कर्मचारीको वृति विकासमा गम्भीर असर पर्दै गइरहेको छ। लामो समयसम्म पदोन्नति, तलब तथा सेवा सुविधाको समयानुकुल परिमार्जन र मासिक ग्रेड वृद्धि जस्ता सुविधाबाट वञ्चित राजपत्र अनंकित कर्मचारीहरू खासगरी ठूलो संख्यामा रहेका ना.सु. कर्मचारीहरू निरास बन्दै गइरहेका छन। प्रत्येक दुई वर्षमा बढ्नुपर्ने कर्मचारीहरूको तलब तथा भत्ता विगत तीन वर्षदेखि रोकिएको अवस्थाबाट राष्ट्रसेवकहरूको जनजीविका कस्टकर र पिडादायी बन्दै गइरहेको वस्तुगत परिस्थितिको मुल्याङ्कन गरेर राज्यकोषको थप स्रोत पहिचान गरी तीनै तहका कर्मचारीहरूको न्यायिक तलब तथा सेवासुविधा वृद्धि गरियोस।

२. समान तह र श्रेणीमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको तलब लगायतका सेवा सुविधामा तहगत समानता तथा उपयुक्त अनुपात कायम गर्न सम्मानित सर्वोच्च अदालतमा चढाइएको पुनरावेदन निवेदन फिर्ता लिई पुनरावलोकन आयोगको सिफारिस बमोजिम सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरूको तलब तथा सेवा सुविधा समायोजन गरियोस।

३. सङ्घ, प्रदेश र स्थानीय तहको विभिन्न निकायमा कार्यरत अस्थाई, करार तथा ज्यालादारी कर्मचारीहरूको तलब लगायतका सेवासुविधा वितरणमा आधारभुत मापदण्ड तय गरी सेवा सुनिश्चिता सहित योगदानमा आधारित सुरक्षा कोषमा अनिवार्य आवद्धता गर्ने आवश्यक व्यवस्था गरियोस।

४. सरकारले अघि सारेको सुशासन, समृद्धि र सामाजिक न्यायको लक्ष निर्धारण गर्न सुशासनको अभिन्न अङ्ग कर्मचारीतन्त्रलाई सक्षम र आत्मनिर्भर बनाउन प्रशासकीय खर्च कटौति गर्ने र तलबको ठुलो हिस्सा स्वास्थ्य र शिक्षामा खर्च गर्नुपर्ने वस्तुगत अवस्था समेतलाई दृष्टिगत गर्दै कर्मचारीको स्वाभिमान र सामाजिक प्रतिष्ठा समेत कायम गर्न गैरमौद्रिक सेवा सुविधाबाट उत्प्ररित गर्न गरियोस। साथै; सङ्घ, प्रदेश र स्थानीय तीनै तहका कर्मचारीहरूको हक हित र कल्याणका लागि राष्ट्रसेवक कर्मचारीलाई आत्मनिर्भर अर्थतन्त्रको साझेदार बनाउन निजामती सेवा ऐन, २०४९ को दफा ७३(ख) तथा निजामती कर्मचारी कल्याणकारी कोष नियमावली, २०७२ बमोजिम कर्मचारी कल्याणकारी कोष स्थापना गरी कम्पनी ऐन, २०६३ बमोजिम राष्ट्रसेवक उत्पादन कम्पनीमार्फत राष्ट्रिय स्रोतमा आधारित उत्पादनमुलक उद्योग स्थापना गर्न कानुनी व्यवस्था गरियोस।

५. सार्वजनिक पद धारण गर्ने पदाधिकारी एवं राष्ट्रसेवक कर्मचारीहरुले लगाउने पोसाक राष्ट्रिय उत्पादित कपडा मात्र प्रयोग गर्ने नीति यसै आर्थिक वर्षबाट कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरियोस।

६. सबै व्यावसायलाई करको दायरामा ल्याउन परम्परागत प्रविधिबाट अवैध रूपमा उत्पादन तथा बिक्री वितरण भइरहेको अनाज तथा फलफुलजन्य घरेलु मदिरालाई व्यवस्थित गरी उद्योगको रूपमा विकास गर्न उत्पादित मदिराको प्रभावकारी नियमन र गुणस्तर जाँच गरी निर्यातयोग्य बनाउने र  अन्तर्राष्ट्रिय मदिराजन्य पदार्थको आयातलाई निरुत्साहित गर्न करको दायरामा सत प्रतिशत वृद्धि गरियोस।

७. सरकारी निकाय तथा सार्वजनिक संस्थानहरूमा देखिएको ठूलो मात्रामा रहेको बेरुजु रकम असुल उपर गर्न तथा सम्मानित अदालतबाट कर असुली र बेरुजु सम्बन्धी विभिन्न समयमा भएका फैसला एवं आदेश कार्यान्वयन गर्न/गराउन आवश्यक व्यवस्था गरियोस।

८. विशेषज्ञ सेवा प्रदान गर्ने इन्जिनियर, डाक्टर, वकिल, सर्भेयर वा परामर्सदाता व्यक्ति वा संस्थाहरूको वर्गीकरण गरी सबै सेवाहरूलाई करको दायरामा ल्याउन अधिकतम पारिश्रमिक वा सेवा शूल्क कायम गर्ने मापदण्ड तयार गर्न आवश्यक व्यवस्था गरियोस।

९. अवैध रूपमा उत्पादन तथा तस्करी भइरहेको गाजाजन्य जडिबुटीको अवैध उत्पादन तथा तस्करी रोकी गाजाजन्य पदार्थमा रहेको औषधीय गुणस्तरयुक्त पदार्थ निर्यात गर्ने प्रयोजनको लागि उत्पादन जोन निर्धारण गरी प्रशोधन तथा बिक्री वितरणको आवश्यक व्यवस्था गरियोस।

१०. प्रदेश र स्थानीयस्तरमा प्राविधिक तथा विज्ञ जनशक्तिको अभावको परिपुर्ति र आवश्यक समन्वय गर्न विभिन्न नामबाट छरिएर रहेका कृषि, पशुसेवा, वन, इन्जिनियरिङ, शिक्षा, सहकारी, नापी र मालपोत लगायतका सङ्घीय कार्यालयहरूलाई एकीकृत गरी प्रदेशस्तरिय सेवा सञ्चालनमा विज्ञता र विषयगत अनुगमन गर्न प्रदेशस्तरिय कार्यालय सञ्चालन गर्न आवश्यक व्यवस्था गरियोस।

११. वार्षिक रूपमा उत्पादन भइरहेको राष्ट्रिय खाद्य उपजहरूको परिमाणको वस्तुगत लगत संकलन गर्ने र वार्षिक रूपमा अपुग भई आयात भइरहेको कृषजन्य खाद्य पदार्थको परिमाण विश्लेषण गरी अपुग खाद्य वस्तु उत्पादन गरी आत्मनिर्भर बन्न बाली वर्गीकरणको आधारमा उत्पादित परिमाणमा आधारित कृषि अनुदानको व्यवस्था गरियोस।



CamScanner

१२. हरेक परिवार तथा नागरिकको खर्चको ठुलो हिस्सा ओगट्ने यातायातका साधनहरूको कच्चा पदार्थ आयात गरी निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय कम्पनीहरूसँगको साझेदारीमा यातायातका साधन उत्पादन तथा पुनर्उत्पादन कम्पनी स्थापना गरी रोजगारी सिर्जना गर्न आवश्यक व्यवस्था गरियोस।

१३. हरेक परिवार तथा नागरिकबाट अनुत्पादक क्षेत्रमा दैनिक खर्च भइरहने इलेक्ट्रोनिकजन्य वस्तुहरू मोवाइल, ल्यापटप लगायतका साधनहरू रहरजन्य विलासिताको साधनको रूपमा परिणत हुँदै गइरहेको अवस्थालाई दृष्टिगत गर्दै उक्त साधनहरूलाई आवश्यक्ताको आधारमा आयात नियमन गरी मर्मत गरेर अधिकतम उपयोग गर्ने व्यवस्था गरियोस।

१४. नेपाली उत्पादनले धान्न सक्ने कृषि उपज खाद्य पदार्थहरूको आयातलाई निरुत्साहित गर्न र राष्ट्रिय उत्पादनको उपभोग वृद्धि गरी किसानहरूलाई आत्मनिर्भर बनाउन छिमेकी मुलुकहरूबाट आयात गरिने खाद्यवस्तुको अनिवार्य गुणस्तर मापन गर्न आवश्यक व्यवस्था गरियोस।

१५. सरकारी सार्वजनिक बाहेकका विभिन्न कारणले दर्ता हुन बाँकी रहेका जग्गाहरू छुट जग्गा, अव्यवस्थित बसोबासका जग्गा, मोहियानी हक बाँडफाँट हुन बाँकी रहेका जग्गा तथा हदबन्दी लागेका जग्गाहरू दर्ता हुन नसक्दा जग्गा दर्ता प्रमाण पुर्जाको अभावमा जनताको दैनिकी व्यवहार चलाउनबाट वञ्चित भएका छन् भने राज्यको करको दायरा सिमित भएको अवस्थालाई दृष्टिगत गरी लामो समयदेखि रोकिएको जग्गा नापजाँच आवश्यक बजेट विनियोजन गरी जग्गा नापजाँच विशेष अभियान सञ्चालन गरियोस।

१६. वर्षेनी ठुलो मात्रामा आयात भइरहेको कृषिऔजार लगायतका उपकरणहरूको आयातलाई निरुत्साहित गरी रोजगारीको दायरा बढाउन सङ्घ र प्रदेश सरकारको साझेदारीमा कृषि औजार निर्माणको लागि दक्ष जनशक्ति उत्पादन, तालिम सञ्चालन, छिमेकी देशहरूबाट कच्चा पदार्थ आयात गरेर प्रदेशस्तरमा आधुनिक कृषि औजार कारखाना सञ्चालन गर्न आवश्यक व्यवस्था गरियोस।

१७. मानव स्वास्थ्यको लागि अत्यावश्यक वस्तुभित्र नपर्ने कष्मेटिक लगायतका विलासिताका वस्तुहरूको आयातलाई निरुत्साहित गर्न उपरोक्त वस्तुहरूमा शतप्रतिशत राजस्व वृद्धि गरियोस।

१८. विगत लामो समयदेखि विभिन्न कार्यक्रम र विकास योजनाहरू अनन्तकालसम्म सम्पन्न हुन बाँकी राखी प्रत्येक साल बसाली क्रमागत बजेट विनियोजन गर्ने प्रवृतिले ठुलो बजेटको हिस्सा ओगटेको अवस्था अन्त्य गरेर त्यस्ता अनावश्यक कार्यक्रम तथा योजना खारेज गरी कम्तिमा चालीस प्रतिशत नयाँ विकास कार्यक्रम एवं उत्पादनमुलक योजना आगामी वर्षको बजेटमा समावेस गरियोस।



CamScanner

१९. कोभिड महामारीको प्रभाव र राजनीतिक अस्थिरताले राज्यको अर्थ प्रणाली दबाबमा रहेको वर्तमान अवस्थामा संविधानत: प्रदेश र स्थानीय तहबाट सम्पन्न गर्नुपर्ने योजना र कार्यक्रम केन्द्रबाट कार्यान्वयन गर्न राजनितक नेतृत्वमा देखिएको लोकप्रियतावाद, राजनीतिक कार्यकर्तामा विकास भएको उपभोक्ता समिति प्रवृति र प्रशासकहरूमा झल्किने केन्द्रियतावादी प्रवृति, निजी क्षेत्रका उच्च घरानाहरूमा देखिने राज्यको कर प्रणालीमा दवदवा राख्न खोज्ने प्रवृति अन्त्य गर्ने व्यवस्था गरियोस।

२०. नेपालको संविधानले नेपाललाई समाजवादउन्मुख राज्य घोषणा गरेको छ। समाजवादका आधार तयार गर्न उत्पादन र वितरणमा राज्य, निजीक्षेत्र र उपभोक्ता (सहकारी) तीन खम्बे साझेदारी अनिवार्य छ। त्यसमा पनि शिक्षा, स्वास्थ्य, रोजगारी वा आधारभुत आवश्यक्ता भत्ता राज्यको अनिवार्य दायित्व हुने व्यवस्था गरियोस्। नेपालमा पुँजी कमाएर विदेश पलायन हुने दलाल पुँजीपति वर्ग र नेपालको पुँजी नेपालमै परिचालन गर्ने राष्ट्रिय पुँजीपति वर्गको सिमा छुट्याउने आधार र मापदण्ड तय गरेर राष्ट्रिय पुँजीपति वर्गका प्रतिनिधलाई लगानीमा प्राथमिकता दिन आवश्यक व्यवस्था गरियोस।

२१. कृषिजन्य उत्पादन, भण्डारण र वितरण गर्न एक टोल एक उत्पादन, एक परिवार - सामुहिक रोजगार कार्यक्रम सञ्चालन गर्न तीनै तहको सरकारको साझेदारीमा बहुउद्देश्यीय सहकारी मार्फत हरेक टोललाई उत्पादन अभियानमा सहभागी गराउन आवश्यक व्यवस्था गरियोस।

२२. सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको शारिरीक तथा मानसिक क्षमता विकास, कलात्मक क्षमता प्रदर्शन, शारिरीक तन्दुरुस्ती, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा सहभागिता गर्न गराउन "राष्ट्रसेवक खेलकुद क्लव" स्थापना गर्न आवश्यक व्यवस्था गरियोस।




CamScanner